श्री

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नर नाथ गिरी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. ११०

पुनरावेदन नं.०७५-**RB**-०२०३

**मुद्दाः-मूल्य अभिवृद्धि कर(०७३/०७४)।**

मुनाल फुड्स प्रा.ली. गैडाकोट-६ नवलपरासी (हाल नवलपुर) स्थायी लेखा नं. ३०२२७८५५६ को अधिकार प्राप्त संचालक/अध्यक्ष श्री शंखर सापकोटा.........१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय ललितपुर .....................................................१
आन्तरिक राजस्व विभाग, काठमाण्डौ........................................................१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु
पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री तारादेव जोशी
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारी
शुरु निर्णय गर्ने कार्यालयः श्री आन्तरिक राजस्व कार्यालय, ललितपुर ।
शुरु निर्णय गर्ने पदाधिकारीः -प्रमुख कर अधिकृत श्री लाल बहादुर खत्री ।
शुरु निर्णय मितिः २०७५/०३/२०

आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७५/०३/२० मा भएको निर्णय उपर प्रशासकिय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दर्ता गराई ताँहा कार्यालयबाट कुनै जानकारी प्राप्त नभएपश्चात आन्तरिक राजस्व कार्यालय ललितपुरको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२(१) बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. आन्तरिक राजस्व कार्यालय ललितपुरको कार्यक्षेत्र अन्तर्गतका स्थायी लेखा नम्बर ३०२२७८५५६ का करदाता श्री मुनाल फुड्स प्रा.लि.को मिति २०७५/०२/२९

मा स्वीकृत भएको कर लेखा परीक्षण बमोजिम मु.अ.कर ऐन,२०५२ को दफा २०(१) बमोजिम मु.अ.कर, जरिवाना, थप दस्तुर र व्याज समेतको जम्मा रु. ४२,६५,५९३/- को मु.अ.कर नियमावली २०५३ को नियम २९(१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश मिति २०७५/०३/०३ मा जारी गरिएको रहेछ।

२. मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिम च.नं.२२७९ मिति २०७५/०३/०३ मा जारी गरिएको उक्त सूचनामा मू.अ.कर तिर्नु नपर्ने वा सोमा परिवर्तन गर्नुपर्ने भए ठोस् प्रमाण पेश गर्न १५(पन्ध्र) दिनको म्याद दिईएकोमा उक्त आदेश पत्र करदाताले मिति २०७५/०३/०५ मा बुझिलिई सो को जवाफ ऐनको म्यादभित्र पेश गरेको देखिएन।

३. करदाताबाट प्रारम्भिक कर निर्धारण आदेशको सम्बन्धमा कर निर्धारण हुनु नपर्ने भनी कुनै जवाफ एवं थप प्रमाण तथा तथ्यहरु पेश हुन नआएकोले प्रारम्भिक कर निर्धारण आदेश अनुरुप मु.अ.कर ऐन तथा नियमावली बमोजिम मु.अ.कर, जरिवाना, थप दस्तुर र व्याज समेतको जम्मा रकम रु. ४२,६५,५९३/- को मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम करदाताको नाममा अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजस्व कार्यालय ललितपुरको मिति २०७५/०३/२० को निर्णय।

४. आन्तरिक राजस्व कार्यालय ललितपुरको कर निर्धारण आदेश उपर चित्त नबुझी करदाताले आन्तरिक राजस्व विभागको प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिएका रहेछन्।

५. करदाताले प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिएकोमा उक्त निवेदन उपर भएको निर्णयको प्रतिलिपी माग गरेकोमा निर्णय प्रतिलिपी प्राप्त नभएको।

६. निर्णय प्रतिलिपी प्राप्त नभएको कारण मु.अ.कर ऐन २०५२ बमोजिम निवेदकको प्रशासकिय पुनरावलोकनको निवेदन मागदावी अस्विकार भएको मानी यस राजस्व न्यायाधीकरणमा करदाताले पुनरावेदन दर्ता गराएका रहेछन्।

७. विपक्षीबाट जारी भएको मिति २०७५/०३/०३ को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७५/०३/०५ मा बुझी लिएकोमा सो को जवाफ ऐनको म्यादभित्र पेश गर्नुपर्नेमा काबु भन्दा बाहिरको परिस्थितीको कारण पेश गर्न नसकिएको हो। मु.अ.करतर्फको प्रत्येक कर विवरण महिना महिनामा पेश गरिएको साथै पेश गरिएको विवरण विपक्षी कार्यालयको सूचना प्रविधि प्रणालीमा प्रविष्ट समेत हुने हुँदा सो अभिलेख विपक्षीसँग नै हुने र उक्त जानकारी विपक्षीलाई समेत भएको अवस्थामा उक्त अभिलेख हेर्दै नहेरी पूर्वाग्रही तवरबाट कर फिर्ता दावी अमान्य गरी गरेको शुरु कर निर्धारण आदेश त्रुटिपूर्ण रहेको छ। आर्थिक ऐन, २०७३ ले मैदा उद्योगहरुलाई

मु.अ.कर फिर्ताको माध्यमबाट संरक्षण गर्न  मैदा उद्योगहरुले आफूले उत्पादन विक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकमको २५% फिर्ता दिने व्यवस्था भएकोमा प्रस्तुत व्यवस्था प्रतिकुल हुने गरी विपक्षी कार्यालयबाट मु.अ.कर फिर्ता अमान्य गरी सो उपर कर निर्धारण गरी सोमा जरिवाना, थप दस्तुर त ब्याज समेत गणना हुने गरी आन्तरिक राजस्व कार्यालय ललितपुरबाट भएको अन्तिम कर निर्धारण निर्णय त्रुटिपूर्ण रहेकोले उक्त निर्णय बदर गरी म पुनरावेदकले पेश गरेको आय विवरणका आधारमा कर निर्धारण गरी पाउँ भन्ने समेतको करदाताले यस न्यायाधीकरण समक्ष पेश गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौज्दारी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधीकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेसी सूचिमा चढी निर्णयार्थ यस ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितको मिसिल अध्ययन गरी पुनरावेदन मुनाल फुड्स प्रा.लि.का तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री तारादेव जोशीले आर्थिक ऐन, २०७३ ले मैदा उद्योगहरुलाई मु.अ.कर फिर्ताको माध्यमबाट संरक्षण गर्न  मैदा उद्योगहरुले आफूले उत्पादन विक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकमको २५% फिर्ता दिने व्यवस्था भएकोमा विपक्षी राजस्व कार्यालयको निर्णय पर्चा, अन्तिम कर निर्धारण आदेशमा जरिवाना, थप दस्तुर र ब्याज निर्धारण गर्दा कुनै पनि कानूनी आधार उल्लेख नगरी हचुवाको भरमा भएको निर्णय त्रुटिपूर्ण र कानूनसम्मत नरहेको हुँदा उक्त निर्णय बदर गरी करदाताले पाउने रकम समेत फिर्ता दिलाई पाउँ भनी तथा प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका बिशेष सरकारी वकिल कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले करदाताबाट आन्तरिक राजस्व कार्यालयले निर्धारण गरेको प्रारम्भिक कर निर्धारण आदेश पत्र बुझिलिई उक्त आदेश पत्रको जवाफ समेत नफिराएको हुँदा कानूनले दिएको सफाइको मौका समेतको उपयोग नगरी उक्त आदेशलाई स्वीकार गरेको अवस्था रहेको कारणबाट शुरु आन्तरिक राजस्व कार्यालयले गरेको निर्णय कानूनसम्मत रहेको हुँदा सो निर्णय बमोजिम नै फैसला गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. उपर्युक्त तथ्य, पुनरावेदन जिकिर एवं बहस बूदा समेत रहेको प्रस्तुत मुद्दामा शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरले गरेको निर्णय मिलेको छ, छैन?

पुनरावेदकको पुनरावेदन जिकिर पुग्ने हो, होईन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

११. अव निर्णयतर्फ विचार गर्दा, यसमा करदाता मुनाल फुड्स प्रा.ली.को हकमा आन्तरिक राजस्व कार्यालय, ललितपुरले मिति २०७५/०३/२० गते आ.व. २०७३/०७४ को मु.अ.करका सम्बन्धमा भएको आदेशको बूँदा नं.१ मा आर्थिक ऐन, २०७३ को दफा २७ मूल्य अभिवृद्धि कर, २०५२ मा संशोधित अनूसूची १ खण्ड (आ) अन्य बस्तु तथा सेवाहरुको बूँदा नं.१३ मा मैदा उद्योगले आफ्नो उत्पादन (मैदा) विक्री गर्दा उठाएको करबाट तोकेको प्रकृया बमोजिम २५% फिर्ता दिईने व्यवस्था रहेको र उक्त व्यवस्था अनुसार आ.व. २०७३/०७४ को फिर्ता २०७३ चैत्र, २०७४ वैशाख, जेठ र असार महिनाको विवरणबाट दाबी गरिएको, उक्त बढि मिलानलाई समावेश गर्न नदिएको र मु.अ.कर २०५२ को दफा २९(१क) विगोको २५% र दफा १९ बमोजिम थप जरिवाना समेत निर्धारण गरेकोमा सो निर्णयमा चित्त नबुझाई करदाता प्रशासकिय पुनरावलोकनका लागि समेत निवेदन दिएको देखिन्छ। आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णय पर्चामा उल्लेखित ५ वटा बूँदाहरु मध्ये बूँदा नं.१ बाहेक अन्य ४ वटा वूँदाका निर्णयको हकमा करदाताले चित्त समेत बुझाएको देखिन्छ।

१२. मासिक कर विवरण पेश गर्ने गरी मु.अ.कर प्रयोजनको लागि दर्ता भएको करदाताले सम्बन्धित कर अबधीमा कर फिर्ता मिलान दावी शून्य गरी अन्य अबधी २०७३ चैत्र, २०७४ वैशाख, जेष्ठ र आषाढमा कर विवरणको अन्य थपघट क्रेडिट महलमा सम्बन्धित महिनाको दावीयोग्य रकम भन्दा रु.२०,१३,२१८/- बढी समावेश गरी गरी कर दायित्व घटाएको देखिएको कारणबाट मु.अ.कर ऐन, २०५२ को दफा २९(१क) तथा मु.अ.कर निर्देशिका संशोधित समेत, २०६९ को परिच्छेद १०.१५(३) बमोजिम कर बिगोको २५%ले लाग्ने जरिवाना, दफा ९९ बमोजिम लाग्ने थप दस्तुर र दफा २६ बमोजिम लाग्ने ब्याज समेतको हुने गरी निर्धारण गरेको जम्मा रु. ४२,६५,५९३/०० लाई अन्यथा भन्न मिलेन। आन्तरिक राजस्व कार्यालयबाट भएको प्रारम्भिक कर निर्धारण आदेश उपरको पत्रको लिखित जवाफ समेत नदिएको कारणबाट शुरु कर कार्यालयबाट भएको आदेशमा चित्त बुझाई बसेको अवस्थामा शुरुको निर्णय मिलेकै देखिन आयो।

१३. अतः यसमा स्थायी लेखा नम्बर ३०२२७८५५६ भएका पुनरावेदक करदाता श्री मुनाल फुड्स प्रा.ली.को आर्थिक बर्ष ०७३/०७४ को मुल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा तत्कालिन आन्तरिक राजस्व कार्यालय ललितपुर हाल आन्तरिक राजस्व कार्यालय ललितपुर-१ बाट मिति २०७५/०३/२० को निर्णय

मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपशील बमोजिम गर्नु।

तपशील खण्ड

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु......................................................................................................................................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू..........................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.........................................................................................३

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

नरनाथ गिरी
(राजस्व सदस्य)

किशोर शिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री प्रमोद रिजाल

इति सम्बत २०७६ साल माघ १६ गते रोज ५ शुभम ...........................................